आव - २०८१।०८२

**समय** – विहान ७ वजे

**स्थान**- गाउँकार्यपालिकाको कार्यालय

आज मिति २०८१ पुष ११ गते विहिबारका दिन यस कुम्मायक गाँउकार्यपालिकाका अध्यक्ष श्री वंम प्रसाद लावती ज्यूको अध्यक्षतामा कुम्मायक गाँउकार्यपालिकाको वैठक बसि तपशिलको उपस्थितिमा निम्न बमोजिमको निर्णय गरियो ।

उपस्थितिः

| क्र स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री वंम प्रसाद लावती | अध्यक्ष | |
| २ | श्री महेन्द्र बहादुर खड्का | उपाध्यक्ष | |
| ३ | श्री देवेन्द्र कुमार लावती | सदस्य | |
| ४ | श्री वालकृष्ण शेर्मा | सदस्य | |
| ५ | श्री बाबुराम कार्की | सदस्य | |
| ६ | श्री फगेन्द्र कुमार सम्बाहाम्फे | सदस्य | |
| ७ | श्री निर्मल राज घिमिरे | सदस्य | |
| ८ | श्री गंगा देवि बोहोरा | सदस्य | |
| ९ | श्री बेद माया चापागाइ | सदस्य | |
| १० | श्री इन्द्रसरी विश्वकर्मा | सदस्य | |
| ११ | श्री धनमाया तामाङ्ग | सदस्य | |
| १२ | श्री डिक बहादुर दर्जी | सदस्य | |
| १३ | श्री लक्ष्मी नेपाली | सदस्य | |
| १४ | श्री गणेश अधिकारी | सदस्य सचिव | |
| | | अन्य उपस्थितिः | |
| १५ | श्री स्वराज बस्नेत | | |
| १६ | | | |
| १७ | | | |
| १८ | | | |
| १९ | | | |

**निर्णय गर्नु पर्ने विषयहरु**

(१) रकमान्तर एवं भेरिएसन स्वीकृत गरी भुक्तानी दिने सम्बन्धमा
(२) DPR तयार गर्ने सम्बन्धमा
(३) समपूरक र विशेष अनुदान योजना माग सम्बन्धमा
(४) कृषी सामाग्रि खरिद सम्बन्धमा
(५) स्वास्थ्य उपचार सेवा सहयोग सम्बन्धमा
(६) प्रधानमन्त्री रोजगार योजना छनौट र तालिम सञ्चालन सम्बन्धमा
(७) नदी जन्यपदार्थ बोलपत्र प्रकाशन गर्ने सम्बन्धमा
(८) गाउँ सभाको मिति सम्बन्धमा
(९) कुम्मायक आधारभुत अस्पताललाइ सहयोग सम्बन्धमा
(१०) अस्पतालको औषधी वितरण सम्बन्धमा
(११) एक्सरे मेसिन खरिद
(१२) तह बृद्धी कार्यबिधि स्वीकृत तथा समिति गठन समिति
(१३) माथिल्लो फक्चुवा खानेपानी
(१४) बिबिध

निर्णहरु

**१ रकमान्तर एवं भेरीएसन स्वीकृत गरी भुक्तानी दिने सम्बन्धमा:**

३ नं वडा कार्यालयको भवन निर्माणको लागी इ बिड मार्फत ठेक्का प्रकृया अगाडी बढाइ निर्माण कार्य अगाडी बढाइएकोमा ठेक्का प्रकृयामा नै भवन निर्माणका केही आइटम बि ओ क्यूमा छुट हुन गएकोले भवनको निर्माण कार्यलाइ सम्पन्न गर्न भेरिएसनका लागि प्राबिधिक प्रतिबेदन पेश भएकोले सोही अनुसार शुरु संझौताको १०.४९ प्रतिशत भेरिएसन स्वीकृत गर्ने र संबन्धित विनियोजित शिर्षकमा रु २७००००० रहेको तर भेरिएसन पछी भुक्तानी हुनु पर्ने रकम रु २९६५६७२।९८ भएकोमा पि. एस. आइटम कटाइ नपुग हुने रकम रु १५२९७८।०० भुक्तानी हुन नपुग हुने देखिएकोले उक्त रकम कागेश्वरी भवन निर्माण शिर्षकमा विनियोजित रकमबाट रकमान्तर गरी भुक्तानी दिने निर्णय गरियो ।

**२ DPR तयार गर्ने सम्बन्धमा**

निम्न आयोजनाहरुको बिस्तृत आयोजना प्रतिबेदन तयार गर्ने निर्णय गरियो ।

क) स्थानीय तह स्वमूल्याङनमा सडक गुरुयोजना भएको हुनु पर्ने भएकोमा सोही अनुसार सडक गुरुयोजना तयार गर्ने भनी पालिकामा जनशक्ति नभएकोले कार्यपालिकाको मिति २०८१।०७।१२ को निर्णय अनुसार कार्यालयबाट सुचिकृत परामर्शदातासंग प्राबिधिक एवं आर्थिक प्रस्ताब माग गरेकोमा परामर्शदाताहरुबाट प्राप्त न्यूनतम रु १४९१६०० को प्रस्ताब स्वीकृत गरेकोमा सो अनुमोदन गरियो र परामर्श सेवामा विनियोजन भएको २० लाख रुपैयाबाट भुक्तानी गर्ने ।

ख) परामर्श सेवाको बिनियोजित रकमबाट बचत हुने ५ लाखबाट प्रदेश एवं संघमा प्रस्तावना पेश गर्नका लागि वडा नं २ को अन्तरपालिका जोड्ने (फाल्गुनन्द) ओसागु चौथिबजार हुदै धुपिङसम्म मोटरेबल सडक स्तरोन्नती (कालोपत्रे) (DPR) पालिकामा जनशक्ति नभएकोले परामर्शदाताबाट तयार गर्ने ।

३. सम्पूरक र विशेष अनुदान योजना माग सम्बन्धमा

आगामी आ.व. का लागि सम्पूरक र विशेष अनुदान देहायका आयोजनाहरुका लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो। तपशिल

| सि.नं | पेश गर्ने सरकार | आयोजनाको क्षेत्र | आयोजनाको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | संघीय सरकार | सम्पूरक अनुदान | डिप बोरिङ १० स्थापना | |
| २ | संघीय सरकार | विशेष अनुदान | हात्ती पोखरी सडक कालोपत्रे | |
| ३ | प्रदेश सरकार | सम्पूरक अनुदान | पृथ्वी माध्यामिक विद्यालय खेलमैदान स्तरोन्नती | |
| ४ | प्रदेश सरकार | विशेष अनुदान | वडा नं २ खानेपानी आयोजना (एकुम्बा, जहानटोल, चुनियाबा, मगरडाँडा, इलाम चौतारा, खड्ग बहादुरको घरसम्म | |

४. कृषि सामाग्री खरिद सम्बन्धमा

क) कृषि सामाग्री खरिदाको लागि ५० प्रतिशत अनुदानमा वितरण गर्नका लागि गाउँपालिका स्तरका लागि विनियोजित रु ३५ लाख (औजार ३० लाख प्लाष्टिक पोखरी ५ लाख) र वडा नं २ को लागि वडास्तरबाट विनियोजित रु २ लाख ५० हजार रहेकोमा लागत साझेदारी समेत गरी ७० लाखको इ-विड मार्फत खरिद प्रकृया अगाडी बढाउन गत वर्ष कायम गरिएको दररेटलाइ नै आधार मानी लागत अनुमान तयार गर्ने र गत वर्ष दररेट कायम नभएको मकै रोप्ने मेशिनको रु २००००।- (हातले गुडाउने मेसिन) मूल्य कायम गरी खरिद प्रकृया अगाडि बढाउने निर्णय गरियो।

खरिद गर्ने सामान औजारहरु

| सि.नं | सामाग्रीको नाम | प्रति एकाइ लागत अनुमान | खरिद गरिने संख्या | कुला लागत |
|---|---|---|---|---|
| १ | हाते ट्याक्टर | ६०००० | ४९ | |
| २ | मकै रोप्ने मेशिन | २०००० | ४ | |
| ३ | मिनि मिल | ३७००० | ६० | |
| ४ | न्यापस्याक स्प्रेयर | ४२०० | ८४ | |
| ५ | मकै गोड्ने मेशिन | ५०००० | २ | |
| ६ | प्लाष्टिक पोखरी ८*१० | १३६०० | ६३ | |
| ७ | प्लाष्टिक पोखरी १०*१२ | २०४०० | ५ | |

ख) मकै पकेट स्वीकृत सम्बन्धमा

कुम्मायक गाउँपालिकाको आ.व. २०८१/०८२ को संघीय सशर्त अनुदान तर्फ वार्षिक स्वीकृत **नयाँ मकैबाली पकेट विकास कार्यक्रम** संचालनका लागि कुम्मायक गाउँपालिका कृषि विकास शाखाबाट मिति २०८१/०६/०२ र २०८१/०७/२२ गते प्रकाशित प्रस्ताव आवहनको सूचना बमोजिम रीतपूर्वक निर्धारित समयसिमामा प्राप्त प्रस्तावसहितको आवेदनको मिति २०८१/०८/२७ गतेका दिन परियोजना कार्यान्वयन म्यानुअल, २०७७ (पहिलो संशोधन २०८१) मा व्यवस्था भए बमोजिमको प्राविधिक समितबाट मूल्याङ्कन भई गाउँकार्यपालिकामा निर्णयार्थ सिफारिस भएकाले कुम्मायक गाउँपालिका वडा नं २, धुपिडमा अवस्थित सिर्जनशिल कृषि तथा पशुपंक्षी कृषक समूहलाई कार्यक्रम संचालनका लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

**५. स्वास्थ्य उपचार सेवा सहयोग सम्बन्धमा**

स्वास्थ्य उपचार सहयोगका लागि पेश हुन आएका निबेदनहरु मध्ये कोष सञ्चालन समितिको मिति २०८१ पौष ०८ गते बसेको बैठकको सिफारिस अनुसार देहायका बिरामीहरुलाइ देहाय बमोजि आर्थिक सहायता दिने निर्णय गरियो ।

तपशिल

| सि नं | बिरामिको नाम | ठेगाना | उपचार गरेको संस्था | सहयोग रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्रीप्रसाद चेम्जोङ | कुम्मायक १ | बिर अस्पताल काठमाण्डौ | २५०००।- | |
| २ | श्री लक्ष्मीदेवी निरौला | कुम्मायक १ | मनमोहन कार्डियोलोजी | २५०००।- | |
| ३ | श्री खेमबहादुर लावती | कुम्मायक १ | राष्ट्रिय हृदयरोग केन्द्र | २५०००।- | |
| ४ | श्री पद्मा राई | कुम्मायक १ | नोबल मेडिकल बिराटनगर | २५०००।- | |
| ५ | श्री बिबेक बस्नेत | कुम्मायक २ | बि पि मेडिकल धरान | २५०००।- | |
| ६ | श्री सञ्चमाया लावती | कुम्मायक २ | नोबेल मेडिकल बिराटनगर | २५०००।- | |
| ७ | श्री बुधरानी शेर्मा | कुम्मायक २ | दमक अस्पताल झापा | २५०००।- | |
| ८ | श्री युनिता फेजुङ | कुम्मायक २ | आम्दा अस्पताल दमक | २५०००।- | |
| ९ | श्री पबित्रा कामी | कुम्मायक २ | आम्दा अस्पताल दमक | २५०००।- | |
| १० | श्री योगमाया कुईकेल | कुम्मायक २ | नोबेल मेडिकल बिराटनगर | २५०००।- | |
| ११ | श्री यामबहादुर बस्नेत | कुम्मायक २ | हिमालय फार्मेसी | २५०००।- | |
| १२ | श्री देवीमाया थापा | कुम्मायक २ | बि पि मेडिकल धरान | २५०००।- | |
| १३ | श्री साने सार्की | कुम्मायक २ | पिसाबमा खराबी घरमै | २५०००।- | |
| १४ | श्री पप्सन शेर्पा | कुम्मायक २ | बि पि धरान | २५०००।- | |
| १५ | श्री प्रेम प्रसाद लावती | कुम्मायक २ | बि पि धरान | २५०००।- | |
| १६ | श्रीप्रतिमा सम्बाहाम्फे | कुम्मायक २ | भक्तपुर क्यान्सर अस्पताल | २५०००।- | |
| १७ | श्री दिपेश गौतम | कुम्मायक ३ | बिराट नर्सिङ बिराटनगर | २५०००।- | |
| १८ | श्रीएलिशा सम्बाहाम्फे | कुम्मायक ३ | बिर्तासिटी अस्पताल झापा | २५०००।- | |
| १९ | श्रीकृष्णबहादुर विश्वकर्म | कुम्मायक ३ | | २५०००।- | |
| २० | श्री अनुझा चम्लागाइ | कुम्मायक ४ | बि पि मेडिकल धरान | २५०००।- | |
| २१ | श्री हरीलाल विश्वकर्मा | कुम्मायक ४ | बिर्तासिटी अस्पताल झापा | २५०००।- | |
| २२ | श्री बिरबहादुर विश्वकर्म | कुम्मायक ४ | ओमसाइराम भद्रपुर | २५०००।- | |
| २३ | श्री रेनुका खतिवडा | कुम्मायक ५ | नोबल मेडिकल बिराटनगर | २५०००।- | |
| २४ | श्री लिलामाया पाण्डे | कुम्मायक ५ | लाइफ लाइन दमक झापा | २५०००।- | |
| २५ | श्री लिलादेवी घिमिरे | कुम्मायब ५ | नोबल मेडिकल बिराटनगर | २५०००।- | |
| २६ | श्री कुसुम बुढाथोकी | कुम्मायक ५ | फिदिम अस्पताल पाँचथर | २५०००।- | |
| २७ | श्री देउमान सम्बाहाम्फे | कुम्मायक ५ | बि एन सि झापा | २५०००।- | |
| २८ | श्री फुलमाया कामी | कुम्मायक ५ | बि पि मेडिकल धरान | २५०००।- | |

**६. प्रधानमन्त्री रोजगार योजना छनौट र तालिम सञ्चालन सम्बन्धमा**

प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तरगत रोजगार कार्यक्रम सञ्चालनका लागि निम्न वडाहरुमा निम्न बमोजिम रोजगार कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

| वडा नं | आयोजनाको नाम | कामदार संख्या | तालिम | कैफियत |
|---|---|---|---|---|
| १ | रानीगुफा पदमार्ग<br>वडा नं १ मोट रबाटो सोलिङ तथा मर्मत | १५ | | |
| २ | भलडाँडा चौतारा ,धुपिडटार ,कामीटार,मन बहादुरको घरछेउ,आहाले,मगरडाँडा,एकुम्बा क्षेत्र र इलाम चौतारा भञ्याङ क्षेत्रको सडकहरु सोलिङ योजना | १४ | | |
| ३ | १ हरि ढुङ्गानाको घर अगाडी खोल्सी,लालेबर मुनी ,टिकाराम याक्सोको बारी छेउमा सोलिङ योजना<br>२ देउरालीबाट हाङ्ठूवा सिरानगाउँ जाने पदमार्ग निर्माण | १३ | मेसन | |
| ४ | १- खतिवडा आहाल देखी मदन आश्रित सम्म गोरेटो बाटोमा ढुङ्गाको सोलिङ<br>२ खगेन्द्र सम्बाहाम्फेको घर देखि कविलाले बर सम्म गोरेटो बाटोमा ढुङ्गाको सोलिङ लगाउने<br>३ सोम कुमार सम्बाहाम्फेको घर देखी रुपेश खनालको घर हुँदै खानेपानी अफिस सम्म बाटोमा ढुङ्गाको सोलिङ लगाउने<br>४ कुश्रुके तेज बहादुरको घरदेखी मोहन सिंङ सम्बाहाम्फेको घर सम्म गोरेटो बाटोमा ढुङ्गाको सोलिङ लगाउने<br>५ अमर सम्बाहाम्फेको घर देखी लक्ष्मी प्रसाद सम्बाहाम्फेको घर सम्म गोरेटो बाटोमा ढुङ्गाको सोलिङ लगाउने<br>६ दर्शन ढुङ्गा देखी ठाडो बाटो सिढी तिल्केनी आधारभूत विद्यालय स्कुलमा जोड्ने<br>७ पताले कान्छाको घर अगाडिदेखी भगिमानको घर हुँदै सूर्य दिपको घर सम्म सोलिङ र सिढी निर्माण | १३ | मेसन | |

| ५ | १ छ्यानडाँडा ओखरबोटे सडक सोलिङ<br>२ देवीथान रोटेपिङ गोरेटो बाटो पदमार्ग निर्माण<br>३ तेम्बेहिम्बा ज्योति स्कुल जाने सडक सोलिङ<br>४ सूर्योदय बालबिकास केन्द्र निवाले गोरेटो बाटो सडक सोलिङ<br>५ बिजुवापानी रानीभर नर्कटे सडक सरसफाई<br>६ देवीथान सनैटार खण्ड सडक सोलिङ | १४ | मेसन | |
|---|---|---|---|---|

७. नदी जन्यपदार्थ बोलपत्र प्रकाशन गर्ने सम्बन्धमा

आइ इ इ भएका तमोर नदी क्षेत्रका ज्यामिरे र लोरिपाघाटमा सडक बन्न बाकी रहेकोले जयरामघाट र नागढुङ्गे भाङटार सडक सुबिधा भएकोले बाटो नभएका क्षेत्रमा आगामी सभाबाट रकम बनियोजन गरेर सडक बनाए पछी हाललाइ जयरामघाट र नागढुङ्गे भाङटारबाट नदी जन्य पदार्थको उत्खन्न् एवं संकलन गर्न र सावासेराको रबै क्षेत्रमा अध्ययन प्रतिबेदनमा उल्लेख भएकोमा रु १ मूल्य थप गरी न्युनतम मूल्य कायम गरी सार्बजनिक खरिदका लागि सूचना प्रकाशित गर्ने निर्ण गरियो ।

तपशिल

| सि नं | उत्खन्न संकलन स्थान | खोलाको नाम | उत्खन्न संकलन गर्ने सकिने मात्रा | न्युनतम मूल्य |
|---|---|---|---|---|
| १ | जयरामघाट | तमोर नदी | २६१०० वर्ग मिटर | |
| २ | नागढुङ्गे भाङ्टार | तमोर नदी | ८०७७६ वर्ग मिटर | |
| ३ | याबुनी | सावा खोला | ११२०० वर्ग मि | |
| ४ | आङ्ना | सावा खोला | २८०० वर्ग मि | |
| ५ | झगडिया | सावा खोला | १५०० वर्ग मि | |
| ६ | भाङ्टार | सावा खोला | ६००० वर्ग मि | |
| ७ | होकुम्मा | सावा खोला | ३७५० वर्ग मि | |
| ८ | जोइपट्टी फडिर | सावा खोला | २७०० वर्ग मि | |
| ९ | साठिमूरे | सावा खोला | २४५०ग मि | |

८. गाउँ सभाको मिति सम्बन्धमा

चालु आ व को औ गाउँसभा मिति २०८१ पौष २९ गते गर्ने निर्णय गरियो ।

९. कुम्मायक आधारभुत अस्पताललाइ सहयोग सम्बन्धमा

कुम्मायक आधारभुत अस्पताल सञ्चालनका लागि देहायका व्यक्तिहरुबाट देहाय बमोजिम सहयोग गर्ने निर्णय गरियो ।

तपशिल

| सि न | पद | नामथर | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | अध्यक्ष | बमंप्रसाद लावती | | १ महिनाको भत्ता |
| २ | उपाध्यक्ष | महेन्द्र बहादुर खड्का | | १ महिनाको भत्ता |
| ३ | प्र प्र अ | गणेश अधिकारी | | १ महिनाको तलब |
| ४ | १ नं वडाध्यक्ष | देबेन्द्र कुमार लावती | | १ महिनाको भत्ता |
| ५ | २ नं वडाध्यक्ष<br>३ नं वडाध्यक्ष<br>४ नं वडाध्यक्ष<br>५ नं वडाध्यक्ष | १ बालकृष्ण शेर्मा<br>२ बाबुराम कार्की<br>३ फगेन्द्र सम्बाहाम्फे<br>४ निर्मलराज घिमिरे | १७००<br>१७००<br>१७००<br>१७०० | २ बैठकको भत्ता |
| ६ | का पा सदस्य | १ गंगादेवी बोहोरा<br>२ लक्ष्मि त्रिखत्री<br>३ इन्द्रसरी विश्वकर्मे | | १ महिनाको भत्ता |
| ७ | का पा सदस्य | डिक बहादुर दर्जी<br>धनमाया तामाङ<br>बेदमाया चापागाइ | १७००<br>१७००<br>१७०० | २ बैठकको भत्ता |

**१०. अस्पतालको औषधी वितरण सम्बन्धमा**

औषधि खरिदका लागि रु १५ लाख गाउँसभाबाट बिनियोजित भएकोमा अस्पतालबाट १० लाख बराबरको औषधि खरिदका लागि माग आएकोले रकमको बोलपत्र मार्फत औषधी खरिद गरिएकोमा सोही अस्पतालमा ल्याबको सामाग्री अभाब भएकोले बचत भएको रु ५ लाखको ल्याबको परिक्षण सामाग्री (केमिकल) गरिद गर्ने र खरिद औषधिको चिकित्सकको सिफारिसको आधारमा बिरामिलाइ २० प्रतिशत छुटमा वितरण गर्ने निर्णय गरियो ।

**११. एक्सरे मेसिन खरिद रकम भुक्तानी सम्बन्धमा**

कुम्मायक आधारभुत अस्पतालमा आवश्यक पर्ने एक्स रे मेसिन गाउँसभाबाट बिनियोजित मेसिन औजार शिर्षक र बिबिध शिर्षकबाट भुक्तानी गर्ने गरी खरिद गरिएको निम्न रकम भुक्तानी दिने निर्णय गरियो ।

तपशिल

मेसिन खरिद ५००००० (१७ प्रकारका जडान सामाग्रि सहित, मेसिन औजार शिर्षकबाट)

लिड खरिद ५६००१ (रेडिएसन नियन्त्रण गर्ने, मेसिन औजार शिर्षकबाट भुक्तानी गर्ने )

जडान रु ४८७३० (स्थानीय कोठा व्यवस्थापन प्लाइ खरिद इटा सिमेन्ट मिस्त्री खर्च आदि )

**१२. तह बृद्धी समिति कार्यबिधि निर्णय र समिति गठन सम्बन्धमा**

स्थानीय सेवाका कर्मचारी ऐन २०८० अनुसार कर्मचारीहरुको तह बृद्धी एवं बढुवा सम्बन्धी दफा मा व्यवस्था भए अनुसार कोशि प्रदेश लोकसेवा आयोगको मिति मित २०८१।०१।१३ को परामर्श अनुसार पाना ५ (पाँच) को कार्यबिधि अनुमोदन गरियो साथै ऐन को दफा २७ को उपदफा ४ बमोजि सोहि प्रयोजनको देहाय बमोजिमको सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक- प्रमुख प्रशासकीय अधिकृत

सदस्य - महिला इन्द्र कुमारी राई

सदस्य श्री प्रदिप सिं तामाङ

**१३. माथिल्लो फक्चुवा खानेपानीको व्यवस्था सम्बन्धमा**

छोरुङ्गा माथिल्लो फाक्चुवामा असोज ११ र १२ गतेको अबिरल वर्षादका कारण खानेपानी पाइप बिग्रिएकोले सो क्षेत्रका जनतालाइ खानेपानिको अभाव भएकोले प्राबिधिक लागत अनुमान अनुसार बिपद् कोषबाट भुक्तानी हुने गरि ५ लाखमा सम्माको खानेपानी मर्मत कार्य गर्ने निर्ण गरियो ।

**१४. बिबिध**

देहायका कार्यक्रम सञ्चालन गरेको देहाय बमोजिमको रकम भुक्तानी दिने निर्ण गरियो ।

क) फाल्गुनन्द जयन्ति २६६२८ (लक्षित कार्यक्रमबाट भुक्तानी दिने)

ख) लैङ्गिक हिंसा बिरुद्ध ४३६०० (लक्षित कार्यक्रमबाट भुक्तानी दिने)

ग) चासोक तङ्नाम २०००००।-(लक्षित कार्यक्रमबाट भुक्तानी दिने)

घ) स्याब्रुम्बा विद्युत सहकारीको खानेपानीको लागि विद्युत जडान खर्च भुक्तानी ३८०००।- (बिबिधबाट)

ङ) फिदिम स्पोटिंङ क्लब रु ६००००। (खेलकुद कार्यक्रम शिर्षकबाट)